जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका–६, सिरहा**
**फोन नं.: ०३३–५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २४६ पृष्ठः ४ | २०८२ माघ ०८ बिहीबार (Thursday 22 Jan. 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## सिरहामा उम्मेदवार विरुद्ध परेन उजुरी




सिरहा, ७ बुधबार। सिरहामा मंगलबार उम्मेदवारी दर्ता गरेका कुनै पनि उम्मेदवारका विरुद्ध उजुरी परेको छैन। बुधबार उम्मेदवारका विरुद्धमा उजुरी गर्ने समयसीमा तोकिएको हो। बुधबार दिउँसो ३ बजेसम्म उम्मेदवारका विरुद्ध उजुरी दिन सकिने समयतालिका रहे पनि कुनै उम्मेदवारविरुद्ध उजुरी नपरेको सिरहाका सहायक निर्वाचन अधिकृत कार्यालयका सहायक निर्वाचन अधिकृत भेषराज भट्टराईले बताए। जिल्लाका ४ वटा निर्वाचन क्षेत्रमा १३९ जना उम्मेदवारले मंगलबार मनोनयन दर्ता गरेका थिए।

निर्वाचन अधिकृतको कार्यालयहरूका अनुसार क्षेत्र नं.१ देखि ४ सम्म ५५ जना दलगत र ८४ जना स्वतन्त्र गरी १३९ जनाको उम्मेदवारी दर्ता भएको छ जसमा दलगततर्फ महिला तीन र पाँच स्वतन्त्र गरी आठ जना महिला उम्मेदवार छन्। क्षेत्र नं. १ मा १४ जना दलगत र १८ जना स्वतन्त्र गरी ३२ जना उम्मेदवारमध्ये उज्यालो नेपाल पार्टीकी ताराकुमारी चौधरी र स्वतन्त्र उम्मेदवारको रूपमा लहान– १ की सुलोचना कुश्मी गरी दुई जनाले मात्र मनोनयन दर्ता गराएका छन्। यो क्षेत्रमा नेपाली कांग्रेसका रामसुन्दर चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट निवर्तमान युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, नेकपा एमालेका निवर्तमान सांसद रामशंकर यादव, नेपाली कम्युनिस्ट पार्टीका रामचन्द्र यादव, जनता समाजवादी पार्टी नेपालका सत्यनारायण यादव, जनमत पार्टीका रामस्वरूप चौधरीको उम्मेदवारी दर्ता भएको छ।

त्यस्तै, क्षेत्र नं. २ मा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टीसहित १४ दल र १५ जना स्वतन्त्र गरी २९ जनाको उम्मेदवारी हुँदा तीन महिलाले स्वतन्त्र उम्मेदवारी दिएका छन्। धनगढीमाई– ४ की उषाकुमारी यादव तथा शान्तिदेवी यादव र सुखीपुर–१ की कपलेश्वरीदेवी साहको उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। यो क्षेत्रमा नेपाली कांग्रेसबाट संविधानसभा सदस्य तथा पार्टी जिल्ला सभापति रामचन्द्र यादव, नेकपा एमालेका नवीनकुमार यादव, राष्ट्रिय स्वतन्त्र पार्टीका शिवशंकर

**–बाँकी दुई पेजमा**

## हतियार बुझाउन सिरहा प्रशासनको निर्देशन

सिरहा, ७ माघ। २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मध्यनजर गर्दै सिरहा प्रशासनले हतियार बुझाउन निर्देशन दिएको छ। निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयमुक्त वातावरणमा सम्पन्न गर्न सिरहा जिल्ला प्रशासनले व्यक्तिगत हातहतियार बुझाउन निर्देशन दिएको हो। जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा सुचना जारी गरेर जिल्लाभित्र व्यक्तिगत रूपमा राखिएका हातहतियार तथा खरखजाना माघ २१ गतेभित्र नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालय, सिरहामा बुझाउनुपर्ने भनिएको छ।

निर्वाचनपछि ती हातहतियार फिर्ता लिन सकिने व्यवस्था गरिएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले जानकारी दिए। निर्देशनको पालना नगर्ने व्यक्तिहरूको हातहतियार कानुन बमोजिम नियन्त्रणमा लिएर कारबाही गरिने चेतावनीसमेत दिएको छ।

## सिरहामा 'संयुक्त निर्वाचन सुरक्षा अभ्यास' सञ्चालन



सिरहा, ७ माघ। आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मिर्चैया नगरपालिकाको जीवा खोला क्षेत्रमा 'संयुक्त निर्वाचन सुरक्षा अभ्यास' सञ्चालन गरिएको छ। नन्दावक्स गणको पहल तथा जिल्ला सुरक्षा समितिको संयोजनमा संयुक्त निर्वाचन सुरक्षा अभ्यास सञ्चालन गरिएको हो। अभ्यासमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र जिल्ला निर्वाचन कार्यालयका कर्मचारी गरी करिब ४०० जनाको सहभागिता रहेको थियो।

अभ्यासको मुख्य उद्देश्य सुरक्षा निकायका कर्मचारीलाई मतदानस्थल तथा मतदानकेन्द्र सञ्चालनसम्बन्धी जानकारी दिनु र निर्वाचनका समयमा हुन सक्ने विभिन्न परिस्थितिका लागि तयारी गर्नु रहेको छ। अभ्यासको क्रममा सुरक्षा फौजले सम्भावित जोखिम र आपतकालीन परिघटनाहरूमा गरिने

**–बाँकी दुई पेजमा**

## समाचार प्रभाव : विपन्न मुसहर बस्तीमा कम्बल वितरण

**मणिलाल विश्वकर्मा**

लहान, ७ माघ। गत पुसको दोस्रो सातादेखि शीतलहरसँगै बढेको जाडोले गरिब, विपन्न परिवारको दैनिकी कष्टकर बनेको समाचार प्रभावका कारण सिरहाको दुई स्थानीय तहका विपन्न मुसहर परिवारका बृद्धबृद्धा, असहाय, अपांगता भएका व्यक्तिहरुलाई न्यानो कम्बल वितरण गरिएको छ। 'शीतलहरले



विपन्नको दैनिकी कष्टकर, दिउँसो घुर र राति परालको भर' शीर्षकमा समाचार प्रकाशित भएपछि विशाल ग्रुप फाउन्डेसनले बुधबार सखुवानन्कारकट्टी गाउँपालिका– २ पटना गाउँका ४५ र लक्ष्मीपुरपतारी गाउँपालिका–४ धञ्छवार गाउँका २५ गरी कुल ७० जना मुसहर समुदायका बृद्धबृद्धा, असहाय, अपांगता भएका व्यक्तिहरूलाई जनही एक–एक थान कम्बल वितरण गरेको हो। जाडोका कारणले हुने जोखिममा रहेका विपन्न समुदायलाई तिनको आधारभूत

**–बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**सहिदप्रति सम्मान गरौं**

- सहिद राष्ट्रिय गौरव हुन्।
- सहिदको बलिदान र योगदानको स्मरण गरौं।
- सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं।
- सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं।
- देश प्रेम र एकताको भावना जागृत गराऔं।
- सामाजिक सद्‌भाव, सहिष्णुता र एकता कायम राखौं।
- सहिदको सपना साकार गरौं, देश विकासमा सबै नेपाली जुटौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## नर्वाचन आयोग चनाखो र दृढ होस्

उमेदवारको अन्तिम नामावली प्रकाशित भएपछि चुनाव प्रचार सुरु हुन्छ। दलका वा स्वतन्त्र प्रत्याशी सबैको समान दायित्व र अधिकार हुन्छ। चुनाव सहज, स्वतन्त्र र निर्भय वातावरणमा हुने सुनिश्चित गर्नु राज्यको दायित्व हो। साथै, निर्वाचन आचार संहितालगायत नियम र नैतिकताको पालन गर्नु सबै उमेदवार र तिनका सहयोगीको पनि कर्तव्य हो। निर्वाचनमा केही पुराना र केही नयाँ उमेदवार छन्। कतिपय राजनीतिका पुराना पात्रहरू छन् भने कतिपय नयाँ छन्। उमेदवारहरूमध्ये धेरैले कुनै न कुनै दलको प्रतिनिधित्व गर्छन् भने कतिपय वैयक्तिकरूपमा उमेदवारी दिएका स्वतन्त्र उमेदवार पनि छन्। केही निर्वाचन क्षेत्रमा असन्तुष्टहरूले बागी उमेदवारका रूपमा मनोनयन दर्ता गराएका छन्।

यस्तै अनेकौं कारणले चुनाव प्रचारप्रसारका क्रममा कटुता बढ्नसक्ने जोखिम पनि छ। अहिले कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरेर जाली सामग्री उत्पादन र प्रचारप्रसार हुने गरेको छ। निर्वाचन आयोगकै आयुक्तहरूमाथि अनर्गल आरोप लगाइएको श्रव्यदृश्य मग्री सामाजिक सञ्जालबाट प्रसार गरिएपछि प्रहरी कारबाहीका लागि पत्राचार गर्नुपरेको थियो। झापा-५ मा उमेदवारी दाखिला गर्न जाँदा मंगलवार नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीका समर्थकहरूबीच सामान्य झडप भएको थियो। तिनका नेताहरूको अभिव्यक्तिमा पनि एक अर्काविरुद्ध कटुता र लाञ्छना ध्वनित हुन थालेको छ। मतदानको दिन नजिकिँदै जाँदा यस्तो कटुता झन् बढ्न सक्छ। यसै पनि पश्चिम बङ्गालसँग जोडिएको ठाउँ हो झापा। यस्तो अवस्थामा निर्वाचन आयोगले बढी नै तीक्ष्ण दृष्टि संवेदनशील निर्वाचन क्षेत्रहरूमा दिनुपर्ने हुन्छ। सरकारले पनि निर्वाचन आयोगलाई आवश्यक सहयोग दिन आलटाल गर्नु हुँदैन। उमेदवार वा तिनका सहयोगीको अनुचित तथा निर्वाचन आचार संहिताविपरीतको आचरणमा उचित कानुनी कारबाही गर्न आयोग हिचकिचायो वा डरायो भने निर्वाचन शान्तिपूर्ण र स्वतन्त्र नहुनसक्छ।

यसैले उमेदवार र तिनका सहयोगीले संयम अपनाउनुपर्छ भने निर्वाचन आयोग पनि अत्यन्त चनाखो हुनुपर्छ। पहिलो दिनदेखि नै आयोग चनाखो र सक्रिय देखियो भने नियम मिच्नेहरू हच्किनेछन्। साथै, समान आचरणका लागि असमान व्यवहार भएको देखियो भने आयोगकै नैतिकता र विश्वसनीयतामा प्रश्न उठ्नेछ। सरकारी क्रियाकलापको पनि आयोगले निगरानी गरी आवश्यक भए सचेत गराउनुपर्छ। अनिमात्र, निर्वाचन स्वच्छ, स्वतन्त्र र भयरहित हुनेछ।

# गाउँको 'सिंहदरबार' छाडेर सिंहदरबारकै दौड : संघीयतामाथिको बेइमानी

**डा. खिमलाल देवकोटा**

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुन ३० जनाभन्दा बढी जनप्रतिनिधिले राजीनामा दिएका समाचारहरू सार्वजनिक भएका छन्। प्रदेशमा मुख्यमन्त्री भइसकेका व्यक्तिदेखि महानगरपालिकाका प्रमुखसम्म र वडाध्यक्षदेखि वडा सदस्यसम्मले संघीय संसद्का लागि आकांक्षा राखेको देखिन्छ। नेपालको राजनीतिक इतिहासमा वि.सं. २०७२ को संविधान जारी हुनु र २०७४ सालमा तीनै तहको निर्वाचन सम्पन्न हुनु एक युगान्तकारी फड्को थियो। यसले केन्द्रीकृत राज्यसत्ताको अधिकारलाई नागरिकको घरदैलोसम्म पुऱ्याउने र 'गाउँ–गाउँमा सिंहदरबार' को अवधारणालाई साकार पार्ने लक्ष्य राखेको थियो।

तर, संविधान कार्यान्वयनको पहिलो दशक पूरा नहुँदै शासकीय अभ्यासमा केही यस्ता प्रवृत्तिहरू देखा परेका छन्, जसले संघीयताको जगलाई नै कमजोर बनाउने खतरा पैदा गरेको छ। विशेषगरी स्थानीय तह र प्रदेशसभामा निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो पाँचवर्षे कार्यकाल पूरा नगरी बिचैमा राजीनामा दिएर संघीय संसद्को निर्वाचनमा उम्मेदवार बन्ने परिपाटी पछिल्लो समय निकै झाँगिएको छ। जनताले कुनै व्यक्तिलाई पाँच वर्षका लागि आफ्नो क्षेत्रको विकास र सेवा गर्ने जनादेश दिएर पठाएका हुन्छन्। तर, ती प्रतिनिधिले व्यक्तिगत राजनीतिक महत्वाकांक्षाका लागि उक्त विश्वासलाई तोड्दै पदबाट राजीनामा दिने गरेका छन्। यसले एकातिर लोकतान्त्रिक मूल्य–मान्यतामाथि प्रहार गरेको छ भने अर्कोतिर राज्यको सीमित स्रोत र साधनमाथि अतिरिक्त व्ययभार थपेको छ। यो परिपाटीले हाम्रो राजनीतिक संस्कार कति अपरिपक्व छ र हामी अझै पनि केन्द्रीकृत मानसिकताबाट कति ग्रसित छौं भन्ने कुरा प्रष्ट पार्छ।

**प्रतिनिधिसभाको बढ्दो मोह र यसको कारण**

स्थानीय र प्रदेशका जनप्रतिनिधिहरू संघीय संसदतिर आकर्षित हुनुका पछाडि बहुआयामिक कारणहरू छन्। पहिलो र प्रमुख कारण 'वृत्ति विकास' को गलत बुझाइ हो। धेरैजसो राजनीतिज्ञहरूले स्थानीय तह वा प्रदेशलाई केवल माथिल्लो तहमा पुग्ने सिँढीका रूपमा मात्र लिने गरेका छन्। उनीहरूमा स्थानीय तहमा बसेर गरिने सेवाभन्दा संघीय राजधानीको पावर सेन्टर मा बस्नुलाई नै वास्तविक सफलता ठान्ने प्रवृत्ति हावी छ। भारतजस्ता मुलुकमा मुख्यमन्त्रीहरू प्रदेशमै बसेर दशकौँसम्म काम गर्न रुचाउँछन्, तर नेपालमा भने प्रदेश वा स्थानीय तहमा बसिरहनुलाई राजनीतिमा प्रगति गर्न नसकेको मनोविज्ञानले हेर्ने गरिएको छ।

दोस्रो कारण, शक्तिको केन्द्रीकरण र अधिकार बाँडफाँडमा देखिएको असन्तुष्टि हो। संविधानले तीन तहको राज्यशक्तिको बाँडफाँड गरे पनि संघीय सरकारले अझै कतिपय अधिकारहरू तल्लो तहमा हस्तान्तरण गर्न आनाकानी गरिरहेको छ। विशेषगरी प्रहरी प्रशासन, कर्मचारी परिचालन र वित्तीय स्रोतको व्यवस्थापनमा संघीय सरकारको हस्तक्षेप कायम रहँदा प्रदेश र स्थानीय तहका कतिपय प्रमुखहरू आफूलाई शक्तिविहीन महसुस गर्छन्। प्रदेश तहलाई अधिकार नै नदिनु र स्थानीय तहले पनि कतिपय कामका लागि राजधानी नै धाउनुपर्ने बाध्यताका कारण राजकीय शक्तिको भोक मेटाउन उनीहरू संघीय राजधानी र सिंहदरबार वरिपरि घुम्ने पदहरूको खोजीमा लाग्ने गरेका छन्।

तेस्रो कारण भनेको पदको ग्ल्यामर र मन्त्री बन्ने तीव्र अभिलाषा हो। हाम्रो विद्यमान व्यवस्थामा सांसद बनेपछि मात्र मन्त्री बन्न पाइने वा मन्त्री बनेको छ महिनाभित्र सांसद बनिसक्नुपर्ने प्रावधान छ। राजनीतिलाई सेवाभन्दा पनि शक्ति र स्रोतको दोहन गर्ने माध्यम ठान्नेहरूका लागि सांसद पद एउटा यस्तो लाइसेन्स बनेको छ, जसले कार्यपालिकामा जाने बाटो खोल्छ।

धेरैजसो जनप्रतिनिधिमा आफ्नो कार्यकाल पूरा गरेर जनताको मन जित्नुभन्दा पनि सत्ताको नजिक पुगेर व्यक्तिगत वा गुटगत फाइदा लिने सोच हावी हुनु नै यो पलायनको मुख्य कारण हो। साथै, संविधानमा स्थानीय तहका लागि दुई कार्यकालको सीमा तोकिए पनि प्रधानमन्त्री, मुख्यमन्त्री वा मन्त्रीहरूका लागि कुनै सीमा नहुनुले पनि नेतृत्वमा बसिरहने लोभ बढाएको देखिन्छ।

**समस्या र चुनौती**

यी प्रवृत्तिले मुलुकको लोकतान्त्रिक प्रक्रियामा गम्भीर समस्या सिर्जना गरेको छ। सबैभन्दा प्रत्यक्ष असर राज्यको अर्थतन्त्रमा परेको छ। जब कुनै बहालवाला जनप्रतिनिधिले राजीनामा दिन्छ, तब उक्त रिक्त स्थानका लागि उप–निर्वाचन अनिवार्य हुन्छ। उप–निर्वाचनको खर्च भनेको नागरिकले गाँस काटेर तिरेको करको दुरुपयोग हो। एउटै पदका लागि पटक–पटक निर्वाचन गराउँदा लाग्ने खर्चले कयौँ विकासका आयोजनाहरू सम्पन्न हुन सक्थे। यो केवल आर्थिक क्षति मात्र होइन, बरु निर्वाचन आयोगको ऊर्जा र समयको समेत बर्बादी हो।

अर्कोतर्फ, यसले मतदाताको अपमान गरेको छ। 'पाँच वर्षका लागि तपाईंको सेवक बन्छु' भनेर मत मागेका प्रतिनिधिले बिचैमा बाटो मोड्दा मतदातामा राजनीतिप्रति नै वितृष्णा पैदा भएको छ। यसले गर्दा जनउत्तरदायित्व र जबाफदेहिताको कडी टुटेको छ। हालैका वर्षहरूमा युवा पुस्ताले उठाएको विद्रोह र आन्दोलनको एउटा मुख्य मर्म पनि यही थियो कि नेताहरू पारदर्शी र जबाफदेही हुनुपर्छ। तर, राजनीतिक दलहरूले यो जनभावनालाई आत्मसात् गर्न सकेका छैनन्। उनीहरूले आफ्नो पदलाई व्यक्तिगत सम्पत्तिजस्तो ठानी अनुकूलता अनुसार साटफेर गर्ने अभ्यास गरिरहेका छन्, जसले गर्दा लोकतन्त्रको प्राण मानिने नैतिकता हराउँदै गएको छ।

यसले संघीयताको मूल मर्ममाथि नै प्रहार गरेको छ। स्थानीय सरकारहरूलाई बलियो बनाउनुको साटो उनीहरूलाई केवल अस्थायी आश्रयस्थलका रूपमा प्रयोग गर्दिदा स्थानीय सुशासन कमजोर भएको छ। अनुभवी र काम गरिरहेका व्यक्तिहरू बिचैमा पद छाडेर हिँड्दा स्थानीय योजनाहरू अलपत्र पर्ने र प्रशासनिक अस्थिरता पैदा हुने जोखिम बढेको छ। यसले राज्यलाई विकेन्द्रित गर्ने भन्दा पनि नेताहरूलाई थप केन्द्रीकृत बनाउँदै लगेको छ।

**समाधानका उपाय र भावी कार्यदिशा**

यो बेथितिलाई रोक्न अब कानुनी र राजनीतिक दुवै तहबाट सुधारका प्रयासहरू थालिनुपर्छ। पहिलो समाधान भनेको कानुनी रूपमै पदको कार्यकाल सुनिश्चित गर्नु हो। निर्वाचनसम्बन्धी कानुन वा संविधानमै यस्तो व्यवस्था गरिनुपर्छ कि कुनै पनि निर्वाचित जनप्रतिनिधिले आफ्नो पाँचवर्षे कार्यकाल पूरा नगरी अर्को कुनै पनि तहको निर्वाचनमा उम्मेदवारी दिन पाउने छैन। यदि विशेष परिस्थितिमा राजीनामा दिने परेको अवस्थामा उक्त व्यक्तिले निश्चित समयसम्म कुनै पनि राजनीतिक नियुक्ति वा उम्मेदवारीका लागि अयोग्य हुने प्रावधान राख्नुपर्छ।

दोस्रो, उप–निर्वाचनको झन्झटिलो र खर्चिलो प्रक्रियालाई परिमार्जन गर्नु हो। यदि स्थानीय तहको प्रमुख वा वडाध्यक्षले राजीनामा दिएमा फेरि चुनाव नै गराउनुको साटो सम्बन्धित तहको उप–प्रमुख वा कार्यपालिकाले चयन गरेको वरिष्ठ सदस्यलाई बाँकी कार्यकालका लागि जिम्मेवारी दिने व्यवस्था गर्न सकिन्छ। यसले राज्यको ठुलो धनराशि बचत गर्नुका साथै राजनीतिक स्थिरता पनि कायम राख्छ।

त्यसका साथै, राजनीतिक दलहरूले पनि आफैँभित्र यस्ता पदमा लड्न दिने वा नदिनेबारे एउटा स्पष्ट आचारसंहिता र मापदण्ड तयार गर्नुपर्छ। यसपटक नेपाली कांग्रेसले बहालवाला कुनै पनि जनप्रतिनिधिलाई टिकट नदिने मापदण्ड नै बनायो। सोही नीतिका कारण उक्त दलबाट निर्वाचित कुनै पनि प्रतिनिधिले प्रतिनिधिसभामा लड्नका लागि बिचैमा पद त्याग्ने र टिकट पाउने अवस्था रहेन। यसले केही ठाउँमा दललाई क्षति गर्न पनि सक्छ, तर यो एउटा उदाहरणीय अभ्यास हो।

यदि सबै राजनीतिक दलहरूले यसरी नै आफ्ना जनप्रतिनिधिहरूलाई पाँच वर्षसम्म आफ्नै क्षेत्रमा टिकाइराख्ने हो भने र दोहोरो पदको मोहलाई निरुत्साहित गर्ने हो भने निर्वाचनको बेथिति धेरै हदसम्म कम हुन सक्छ। संघीयताको सफलता जनप्रतिनिधिको निष्ठा र नैतिकतामा भर पर्छ। पद र शक्तिभन्दा माथि उठेर जनताको सेवालाई केन्द्रमा राख्ने संस्कारको विकास नभएसम्म जतिसुकै राम्रो संविधान भए पनि त्यसले सुखद परिणाम दिन सक्दैन। मुलुक अब संविधानको समीक्षा र निर्वाचन प्रणालीको सुधारतर्फ उन्मुख हुनुपर्छ।

नागरिक समाज, सञ्चार माध्यम र विशेषगरी युवा पुस्ताले दलहरूलाई निरन्तर दबाब दिइरहनुपर्छ ताकि राजनीति केवल सत्ता प्राप्तिको खेल नभई समाज रूपान्तरणको माध्यम बनोस्। जनप्रतिनिधिले आफ्नो कार्यकाल पूरा गर्नु उनीहरूको कानुनी दायित्व मात्र होइन, मतदाताप्रतिको उच्च नैतिक ऋण पनि हो। यो ऋण चुक्ता गर्ने वातावरण बनाउनु नै आजको संघीय लोकतान्त्रिक गणतन्त्रको मुख्य चुनौती र आवश्यकता हो। सेतोपाटीबाट

### *समाचार प्रभाव...*

आवश्यकतामध्ये कम्बल वितरण गरिएको फाउन्डेसनले जनाएको छ। धब्बार गाउँकी करिब ५३ वर्षीया दृष्टिविहीन तेतरीदेवी सदायले हर्षित हुँदै माघको जाडोमा न्यानो कम्बलले कम्तीमा राति न्यानो भएर सुत्न पाइने सुनाइन्। 'दिउँसो घाम त लाग्छ, तर रातिको सिरेटोले साह्रै समस्या थियो,' उनले भनिन्, 'न्यानो कम्बलले ज्यान जोगिने भयो।' लहानस्थित एनआइसी एसिया बैंकका शाखा प्रबन्धक लेखराज पौडेल, सुनील यादव, अरुण दाहाल र पत्रकारहरूको उपस्थितिमा पटना गाउँमा दुवै ठाउँका विपन्न समुदायलाई बुधबार अपराह्न कम्बल वितरण गरिएको फाउन्डेसनले जनाएको छ। कम्बल वितरणका लागि स्थानीयसमेत रहेका शिक्षक रामसुफल यादवले सहजीकरण गरेका थिए।

### सिरहामा उम्मेदवार...

यादवलगायत उम्मेदवार छन्।

नेपाली कांग्रेसका डा. सुभाषचन्द्र यादव, नेकपा एमालेका लीलानाथ श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका विश्वनाथ साह, रास्वपाका शम्भुकुमार यादव, जसपा नेपालका अशेश्वर यादव र जनमत पार्टीका रोहित महतोसहित १२ दलीय र २९ स्वतन्त्र गरी ४१ जनाको मनोनयन दर्ता भएको छ। क्षेत्र नं. ३ मा एक स्वतन्त्र र एक दलगत गरी दुई जना महिला उम्मेदवार छन्। नरहा–२ की ज्ञानुदेवी सिंह दनुवार आम जनता पार्टी र सिरहा–१ की इन्दिलाकुमारी यादव स्वतन्त्र गरी दुई महिलाको उम्मेदवारी परेको हो। मुख्य निर्वाचन अधिकृत कार्यालयका सहायक निर्वाचन अधिकृत भेषराज भट्टराईले बताए।

### *सिरहामा 'संयुक्त...*

सुरक्षात्मक कारबाहीको अभ्यास प्रदर्शन गरेको थियो। जिल्ला अधिकारीहरूका अनुसार यस अभ्यासले निर्वाचनमा संलग्न नेपाली सेना तथा अन्य सुरक्षा निकायबीच समन्वय र सहकार्य अझ सुदृढ हुने विश्वास गरिएको छ। कार्यक्रममा जिल्ला सुरक्षा समितिका सदस्यका साथै मुख्य निर्वाचन अधिकृत, जिल्ला न्यायाधीश डा. प्रकाश उप्रेती, न. २७ बाहिनीपति सहायक रथी नारायणबहादुर थापा, क्षेत्र नं. ४ का निर्वाचन अधिकृत शिव वाग्ले र जिल्ला निर्वाचन अधिकृत राजन श्रीवास्तव उपस्थित थिए।

# पितृशोकमा रहेका प्रतिस्पर्धी उम्मेदवारको घर पुगेर उपेन्द्रले दिए समवेदना

**विद्यानन्द राम**

राजविराज, ७ माघ। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले पितृशोकमा रहेका प्रतिस्पर्धी उम्मेदवार अमरकान्त चौधरीको घर पुगेर समवेदना दिएका छन्। बुधबार१२ औँ दिनको पुण्यतिथिमा जिल्लाका डाक्नेश्वरी नगरपालिका-५, पातोस्थित घर पुगेर यादवले पूर्वसांसद चन्द्रकान्त चौधरीको निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली दिएका हुन्। राष्ट्रिय मुक्ति पार्टी, नेपालका कार्यकारिणी सदस्य तथा पूर्वराज्यमन्त्रीसमेत रहेका चन्द्रकान्तको पुस २६ मा निधन भएको थियो। उनी २०७४ मा तत्कालीन राष्ट्रिय जनता पार्टी ( राजपा) नेपालबाट सप्तरी-३ बाट निर्वाचित भएपछि जलस्रोत, ऊर्जा तथा सिँचाइ राज्यमन्त्री बनेका थिए।

किरिया बसेका पूर्वसांसद चन्द्रकान्तका छोरा अमरकान्तले पनि आगामी फागुन २१ मा हुन लागेको निर्वाचनमा प्रतिनिधिसभा सदस्यका लागि राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दर्ता गराएका छन्। जसपा, नेपालका अध्यक्ष यादवले पनि यही क्षेत्रबाट उम्मेदवारी दिएका हुन्।

# संरक्षण अभावले संकटमा ऐतिहासिक पानी पोखरी

**लक्ष्मी चौधरी**

जनकपुरधाम, ७ माघ। प्राचीन मिथिलाको राजधानी अर्थात् वर्तमान मधेश प्रदेशको राजधानीलाई पोखरी नै पोखरीको सहरले चिन्ने गरिन्छ। यहाँका दर्जनौँ पोखरी अहिले संकटमा छन्। पाँचभन्दा बढी पोखरी लुप्त भइसकेका छन्। जनकपुरधाम उपमहागनरपालिका–३, धनुषाका स्थानीय सुदर्शनलाल कर्ण अहिले ७५ वर्षको हुनुभयो। उहाँ २० वर्षको हुँदा घरनजिकैको देवान पोखरीमा नुहाउने गरेको राम्रोसँग स्मरण छ। त्यही पानी भान्साको काम प्रयोग हुन्थ्यो। उहाँ भन्नु हुन्छ, “मेरो हजुर बुवा हरिशचन्द्रलालले पोखरी खन्न लगाउनुभएको थियो। पछि सर्वोच्च अदालतले चन्द्रकुप (देवान) पोखरीको डिल मास्न नपाइने र सार्वजनिक हितका लागि प्रयोग गर्न मिल्ने निर्णय गरेपछि यो सबैको साझा पोखरी भयो।”



कर्ण र उहाँको परिवारको दैनिक जीवनको हिस्सा बनेको यो पोखरी अहिले हेर्न लायक छैन। वरपर फोहोरको थुप्रोले भरिएको छ। करिब वि.सं. २०३० देखि फोहोर हुँदै जान थालेको यो पोखरी अतिक्रमणका कारण कहिले पुरिने हो, थाहा छैन। समयमा संरक्षण भएन भने यो पोखरी छिटै लुप्त भएर जान्छकी उहाँलाई चिन्ता छ। जनकपुरधाम परिक्रमा क्षेत्रका अधिकांश ऐतिहासिक पोखरी संरक्षण अभाव, अवैध निर्माण, फोहोर व्यवस्थापन र पानीका मुहान सुक्दै जानुले तीव्र संकटमा छ। देवान पोखरी मात्र होइन, धनुषसागर, गंगासागर, महाराज सागर, कपालमोचनी, अग्नीकुण्ड, रामसागरलगायत दर्जनौँ पोखरीको अवस्था दयनीय बन्दैछ।

तीनै तहको सरकारले करोडौँ खर्च गरे पनि प्रभावकारी व्यवस्थापन हुन नसक्दा एक समय ५२ कुट्टी र ७२ कुण्डका रूपमा परिचित जनकपुरधामको पोखरी क्रमशः आकार घट्दै, हराउँदै गइरहेको छ। विभिन्न अध्ययन–प्रतिवेदनले जनकपुरमा कहिल्यै स्पष्ट अभिलेख नहुँदा पनि दशकौँ यता पोखरीको संख्या र क्षेत्रफल दुबै घटेको देखाएको छ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को प्रतिवेदन अनुसार ४९ सार्वजनिक पोखरीमध्ये पाँच ओझेल परिसकेको छ। यी पोखरीमा जनक सरोवर, अमृतकुण्ड, गोपाल सर, पयस्विनी सर र बलदेव सर हुन्। बाँकी धेरै पोखरी अतिक्रमण र उपेक्षाका कारण साँघुरिँदै छन्। योक्रम रोकिएन भने गंगासागर, धनुषसागरदेखि वाल्मीकि सरसम्मका दर्जनौँ पोखरी इतिहासको पानामा सीमित हुने खतरा बढ्दो छ।

**संरक्षणमा उदासिनता**

जनकपुरधाममा पोखरी संरक्षणको नाममा दशकौँदेखि घेराबार, कङ्क्रिटको डिल र टायल्स लगाइने कामले प्राकृतिक सौन्दर्यता र वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ। बृहत्तर जनकपुर क्षेत्र विकास समितिबाट २०५२ सालमै सुरु भएको कङ्क्रिटीकरण अहिले पनि विभिन्न निकायमार्फत निरन्तर जारी छ। स्थानीयको गुनासो अनुसार यसले धार्मिक महत्त्व कम हुँदै गएको छ, पानीका मुहान सुक्दै गएका छन्। अत्यधिक गर्मी तथा वातावरणीय असन्तुलन बढेको छ। उपमहानगरपालिकाले अब कङ्क्रिटको डिल नबनाइ पोखरीको पिँध सफाइतर्फ ध्यान दिने जनाएको छ। धेरै पोखरी गुठीको स्वामित्वमा परेकाले ठोस योजना बनाउन कठिन भइरहेको छ।

विगतमा सौन्दर्यीकरणको नाममा करोडौँ खर्च भए पनि वातावरणमैत्री संरक्षण सम्भव भएको छैन। वातावरणविद् सुरेश शर्माका अनुसार अत्यधिक कङ्क्रिट प्रयोगले भू–जल पुनर्भरण रोक्छ, वर्षाको पानी सोस्ने क्षमता घटाउँछ र पोखरीको प्राकृतिक जलस्तर बिगार्छ। सरकार र स्थानीय निकायको उदासीनताबिच केही युवाहरू र महिला २०७२ सालदेखि सरसफाइ, अतिक्रमण हटाउने र संरक्षण अभियानमा सक्रिय छन्। नागरिक समाजका अगुवा दिवाकर उप्रेती पोखरी जनकपुरको पहिचान भएकाले संरक्षणमा ढिलाइ भए, भविष्यमा धेरै पोखरी लोप हुने गम्भीर खतरा छ। उप्रेती भन्नुहुन्छ, “पोखरी हाम्रो पहिचान हो। हामी स्थानीय तहबाट संरक्षणका लागि दबाब दिइरहेका छौं। संरक्षण हुन नसके अस्तित्व मेटिन्छ।”

**व्यवस्थापन चुनौती**

जनकपुरधामका दर्जनौँ ऐतिहासिक पोखरी तीव्र अतिक्रमणका कारण गायब हुँदै गएका छन्। तेलहा, मडहा, चन्द्रकुप, रामसागर, मुरली सर, पुरन्दर सर, पाकवती सर, लक्ष्मण सर, कपालमोचनी र दिर्घीका सरलगायतका पोखरी चारैतिरबाट घेरिँदै ठुलो भाग पुरिएका छन्। अधिकांश सम्पदा क्षेत्रका जग्गा राज्यलाई थाहा नदिइ निजी रूपमा बिक्री भएको रहस्यमय घटनाले समस्या झन जटिल बनाएको छ। वकिल टोलस्थित ‘जनक सरोवर, अञ्चल अस्पताल दक्षिणको ‘अमृत कुण्ड’, मानकी होटल पश्चिमको ‘पयश्विनी सर’, कन्या विद्यालय पूर्वको ‘बलदेव सर’ र गोपाल धर्मशाला छेउको ‘गोपाल पोखरी’ अहिले बस्ती र निजी घरले पूर्णरूपमा ढाकिएका छन्। “पोखरीको सहर” भनेर चिनिने जनकपुरमा जलस्रोत मासिँदा पारिस्थितिकीय सन्तुलन, संस्कृति र दैनिक जीवनमै असर पर्न थालेको वातावरणविद् सुरेश शर्माको भनाइ छ। उहाँका अनुसार तत्काल अतिक्रमण रोक्ने र पोखरी संरक्षण गरिएन भने सहरमा पर्यावरणीय सङ्कट गहिरिँदै जाने छ।

**सुख्खाग्रस्त क्षेत्र घोषणा**

यसवर्ष ढिलो वर्षाका कारण तराई–मधेशका किसानहरू सङ्कटमा परेका थिए। रोपाइँको समयमा खेत सुक्खा हुँदा बिउ–बिजन, मलखाद र मिहिनेतको लगानी जोखिममा परेको छ। पर्याप्त पानी नपर्दा कल, पोखरी र इनार सुक्दै गएपछि कतिपय ठाउँमा ट्याङ्करमार्फत पानी वितरण गरिएको थियो। आठै जिल्लामा स्यालो ट्युबेलका लागि प्रदेश सरकारले निवेदन मागेको छ। मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेपछि महोत्तरीको मटिहानीमा आयोजित कार्यक्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ५०० डिप बोरिङ जडान आवश्यक रहेको घोषणा गर्नुभएको थियो।

जलवायु तथा वातावरणविज्ञ डा. ङमिन्द्र दाहालका अनुसार, डिप बोरिङले भूमिगत पानी झन् घटाउने भएकाले दीर्घकालीन समाधान बन्न सक्दैन। डा. दाहाल भन्नुहुन्छ, “मिथिला सभ्यताको आधार पोखरी–तलाउको विज्ञान हो। भूमिगत पानी दोहनअघि पोखरी र प्राकृतिक जलस्रोत संरक्षण अनिवार्य छ।” उहाँका अनुसार कुलो प्रणालीको उपेक्षा, पम्पमा निर्भरता र अव्यवस्थित सिँचाइ नीतिले भूमिगत जलस्तर तल झर्दै गएको छ। अत्यधिक दोहन नियन्त्रण नगरे सुक्खा, विस्थापन र खेती सङ्कट नेपालमा पनि दोहोरिन सक्ने चेतावनी उहाँको छ।

उहाँले चुरे–भावर क्षेत्रमा वर्षाको पानी थाम्ने संरचना निर्माण गरी भूमिगत पुनर्भरण बढाए तराईको पोखरी कहिल्यै नसुक्ने सुझाव समेत दिनुभयो। “हामीसँग बजेट, प्रविधि र क्षमता सबै छ, अहिले आवश्यक छ त दीर्घकालीन सोच र प्रकृतिप्रति प्रतिबद्धताको” दाहालले भन्नुभयो। उहाँका अनुसार पोखरी, इनार र कुवा केवल संरचना होइन, मानिस, जीवजन्तु र सम्पूर्ण सभ्यताको साझा प्राकृतिक स्रोत भएकाले सार्वजनिक पानीमा कसैको एक्लो निर्णय मान्य हुँदैन।

यसका लागि पालिका, प्रदेश, संघ र सबै निकाय एकमत भएर काम गर्न आवश्यक छ। उहाँले भन्नु भयो, “हामीसँग विज्ञान, प्रविधि, बजेट र संरचना बनाउने क्षमता सबै छ, अहिले चाहिएको केवल सही उपयोग र प्रकृतिप्रति प्रतिबद्धता मात्र हो।”

# सिरहा–४ : बारम्बार सांसद बनेकाहरू फेरि मैदानमा

## सिरहा–४ मा पटक–पटक मन्त्री र सांसद भएकाहरूको चुनावी प्रतिस्पर्धाले चर्चामा छ।

सिरहा, ७ माघ। फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुँदैछ। जसका लागि मंगलबार उम्मेदवारहरूले मनोनयन गरिसकेका छन्। सिरहा–४ मा पटक–पटक मन्त्री र सांसद भइसकेकाहरू बीचको चुनावी प्रतिस्पर्धाले चर्चामा छ। यहाँबाट तीन पटक सांसद र दुई पटक मन्त्री बनिसकेका जनता समाजवादी पार्टी (जसपा) नेपालका उपाध्यक्ष राजकिशोर यादवले पुनः उम्मेदवारी दर्ता गराएका छन्। उनी २०६४ सालबाट निरन्तर चुनावी मैदानमा छन्। यसबीच सम्पन्न ४ निर्वाचनमध्ये उनले ३ पटक विजयी भएका छन्।

यादवले पहिलो संविधानसभा २०६४ मा तत्कालीन सिरहा क्षेत्र नम्बर–६ बाट निर्वाचित भएका थिए। दोस्रो संविधानसभा २०७० को निर्वाचनमा उनी यहिँबाट पराजित भए। २०७४ को आम निर्वाचनमा सिरहा क्षेत्र नम्बर ४ बाटै निर्वाचित उनी २०७९ को निर्वाचनमा सिरहा २ बाट निर्वाचित भए। अहिले उनी पुनः ४ मा फर्केका छन्। चुनावैपिच्छे पार्टी र निर्वाचनक्षेत्र परीवर्तन गर्दै



आएका उनी यो पटक क्षेत्र परीवर्तन गरेर आएका छन्। उनले पार्टीको निर्देशन अनुसार आफूले क्षेत्र परीवर्तन गरेको दाबी गरेका छन्। तर उनीमाथि चुनाव जितेपछि क्षेत्रमा नफर्कने नेताको ट्याग लागेको छ।

तत्कालीन मधेशी जनअधिकार फोरमबाट पहिलो संविधानभामा निर्वाचित उनलाई मन्त्री बन्नकै लागि पार्टी विभाजन गरेको आरोपसमेत छ। २०७४ मा सिरहा ४ बाटै २१ हजार १४४ मतसहित विजयी भएका यादवका निकटतम प्रतिस्पर्धी तत्कालिन नेकपा माओवादी केन्द्रका उम्मेवादर अजयशंकर नायकले १७ हजार ५७५ मत प्राप्त गरेका थिए। त्यसैगरी, २०७९ को आम निर्वाच्नमा नेकपा एमालेसँगको गठबन्धनमा सिरहा २ बाट निर्वाचित हुँदा उनले २४ हजार १७८ मत प्राप्त गरेका थिए। निकटतम प्रतिस्पर्धी नेपाली काँग्रेसका नेतृ चित्रलेखा यादवले २३ हजार २८ मत प्राप्त गरेकी थिइन्।

तत्कालीन नेकपा माओवादी केन्द्रबाट २०७० को संविधानसभामा सामानुपातीकबाट प्रवेश गरेका अजयशंकर नायक प्रचण्ड नेतृत्वको सरकारमा कानुन मन्त्री भएका थिए। त्यसपछि २०७४ को निर्वाचनमा सिरहा क्षेत्र नम्बर ४ बाट उम्मेदवारी दिएका थिए। त्यस बेला उनी १७ हजार ५७५ मतसहित दोस्रो स्थानमा थिए। त्यस बेला यहाँबाट राजकिशोर यादव निर्वाचित भएका थिए। अहिले उनी पुनः चुनावी मैदानमा छन्। सिरहा ४ कै अर्का उम्मेदवार व्यसायी डाक्टर वीरेन्द्र महतो २०६४ मै तत्कालीन मधेशी जनअधिकार फोरमको कोटाबाट सामानुपातिकबाट संविधानसभा प्रवेश गरेका थिए। त्यसपछि उनी सिरहा ४ बाट २०७९ मा जनता समाजवादी पार्टी नेपालबाट निर्वाचित भए। त्यसबेला उनले २४ हजार १०२ मतसहित विजयी हुँदा उनका प्रतिस्पर्धी जनमत पार्टीका उम्मेदवार बीरेन्द्र प्रसाद साह १६ हजार २९४ मत प्राप्त गरेका थिए।

मन्त्री बन्नकै लागि पार्टी

–बाँकी अन्तिम पेजमा

# गगनले किन रोजे सर्लाही ४ नै ?



**राधा खनाल**

काठमाडौं, ७ माघ। कांग्रेस सभापति गगन थापा काठमाडौं–४ छोडेर सर्लाही–४ बाट उम्मेदवार बनेका छन्। घरथलो छोडेर थापा किन सर्लाहीबाट उम्मेदवार बने ? धेरैको जिज्ञासा छ। किनकि, लगातार चुनाव जित्दै आएको काठमाडौं–४ उनका लागि 'सहज क्षेत्र' मानिन्छ। थापा निकट नेताहरू २०७९ को निर्वाचनमै थापा सर्लाही–४ बाट चुनाव लड्न चाहेको बताउँछन्। त्यतिबेला सभापति शेरबहादुर देउवाले काठमाडौंमै चुनाव लड्न सुझाएका थिए। विगतमा महन्थ ठाकुरको चुनावी क्षेत्र रहेको सर्लाही–४ कांग्रेसको गढ मानिन्छ। अर्कोतिर मधेसबाट चुनाव जितेर राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा थापाले सन्देश दिन चाहेको उनी निकट नेताहरू बताउँछन्। कलकत्तापछि मधेसमा हुर्किएको कांग्रेसको जग बलियो बनाउन पनि थापाले मधेसबाटै उम्मेदवार बन्न चाहेको उनी निकट नेताहरू बताउँछन्।

कांग्रेसले थापालाई भावी प्रधानमन्त्रीको रूपमा अगाडि सारेको छ। पार्टी नेतृत्व जित्न सफल उनलाई रास्वपाका नेता डा. अमरेशकुमार सिंहले चुनौती दिएका छन्। सो ठाउँमा एमालेले रवि सिंह कुशवाहलाई उम्मेदवार बनाएको छ। नेपाली कम्युनिस्ट पार्टीले रगनीश राय यादवलाई उम्मेदवार बनाएको छ। थापा २०७९ को चुनावमा पनि सर्लाही–४ मा जान खोजेका थिए। एक नेता भन्छन्, 'त्यस बेला तत्कालीन सभापति शेरबहादुरजीले काठमाडौंबाट हिंडेर कसरी हुन्छ ? चुनाव जित्ने कसले हो भनेपछि उहाँ रोकिनुभयो।' रास्वपाका नेता अमरेश सिंहले मौका छोप्दै जित्दै आएको क्षेत्र मानिन्छ।

उक्त क्षेत्र कांग्रेसका पूर्वनेता महन्थ ठाकुरको प्रभाव क्षेत्र थियो। मधेस आन्दोलन अगाडि पनि सो क्षेत्र कांग्रेसको गढ थियो। सोही गढलाई पुनः स्थापित गर्न चाहन्छन् सभापति थापा। थापाको चाहनाको अगाडि चुनौती पनि निकै छन्। आन्तरिक विवादका कारण कांग्रेसको मन एक ठाउँ भइसकेका छैन। विशेष महाधिवेशनको तातो राप सकिन नपाउँदै अर्थात् कार्यकर्ताभित्रको तुस सेलाउन नपाउँदै मैदानमा होमिनु आफैंमा चुनौती छ। र, अर्कोतिर उक्त क्षेत्रमा सिंहको प्रभाव बलियो छ। यसअघि स्वतन्त्र उठेर जितेका उनी यसपटक रास्वपाको सहारा लिएका छन्। तर, कांग्रेसका जिल्ला नेता भन्छन्, 'हामी सभापतिजीलाई जिताएर पठाउँछौं। यहाँ कांग्रेसको विकल्प नै कांग्रेस हो।'

सर्लाही ४ कांग्रेसको परम्परागत जनाआधार भएको क्षेत्र मानिन्छ। तर, गएको निर्वाचनमा यो क्षेत्रबाट कांग्रेसका बागी उम्मेदवार अमरेशकुमार सिंह विजयी भएका थिए। सिंह कांग्रेसका पुराना नेता हुन्। ०७९ को प्रतिनिधिसभा निर्वाचन सिंहले २० हजार १७ मत ल्याएर विजयी हुँदा यहाँ कांग्रेसका उम्मेदवार नागेन्द्रकुमार यादव १८ हजार २ सय ५२ मत ल्याएर दोस्रो भएका थिए। अघिल्लो निर्वाचनमा यहाँ कांग्रेस उम्मेदवारलाई माओवादी केन्द्रसहितका पाँच दलको समर्थन थियो। त्यति हुँदा पनि कांग्रेस उम्मेदवार नागेन्द्रकुमार १ हजार ७ सय ६५ मतान्तरले सिंहसँग पराजित भएका थिए।

# छोरीलाई उम्मेदवार बनाइयो भन्दै आलोचना गर्नेहरूलाई महन्थले के भने ?

काठमाडौं, ७ माघ। जनता समाजवादी पार्टी(जसपा) नेपालका संरक्षक महन्थ ठाकुरले छोरीलाई उम्मेदवार बनाएपछि आलोचना भइरहेको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा ठाकुरले आफ्नी छोरी डा.मिनाक्षी झालाई महोत्तरी–३ बाट उम्मेदवार बनाएपछि उनको आलोचना भइरहेको हो। राजनीतिक दलदेखि बौद्धिक क्षेत्रबाट संरक्षक ठाकुरले आलोचना खेपिरहेका छन्। तर ठाकुर भने अहिलेको माग अनुसार नै पार्टीले जेनजी उम्मेदवारका रूपमा मिनाक्षीलाई अघि सारेको तर्क गर्छन्। संरक्षक ठाकुरले भने,'अहिलेको माग अनुसार पार्टीले जेनजी उम्मेदवारलाई अघि सारेको हो, नयाँ र परिवर्तनका लागि उत्साहित युवालाई उम्मेदवार बनाइएको हो।'

आफूले समाजदेखि देशका लागि योगदान दिँदा पटक पटक जेल बस्दा कसैले एक पटक पनि केही नभनेको उल्लेख गर्दै अहिले पार्टीले नै मिनाक्षी(छोरी)लाई उम्मेदवार बनाउँदा प्रश्न उठाएको बताए। उनले भने, 'जे जति योगदान दिए ती सबै यहींको जनताका लागि दिए, यही समाज र देशका लागि दिए आजसम्म आफ्नो लागि केही पनि गरेको छैन, तर आज एक जना पढे लेखेको युवा, त्यसमाथि डाक्टर छिन्,राजनीतिमा आएर देश र समाजका लागि केही गर्ने हुटहुटी छ। त्यसलाई टिकट किन यति धेरै प्रश्न र आलोचना ?' आफू राष्ट्रिय सभामा जाने भएपछि ठाकुरले उक्त क्षेत्रमा आफ्नै छोरीलाई उम्मेदवार बनाएको चर्चा छ।

*सिरहा–४ : बारम्बार...*

विभाजनका क्रममा अशोक राई नेतृत्वको जसपामा गएका थिए। अहिले यहाँ सो पार्टीको प्रभाव कमजोर रहेकाले उनी जनमत पार्टी प्रवेश गरेर चुनावी मैदानमा उत्रेका छन्। नेपाली कम्युनिस्ट पार्टीका नेता धर्मनाथ साह पार्टीले टिकट नदिएपछि नेकपा एमालेको टिकटबाट चुनावी मैदानमा उत्रेका छन्। लामो राजनीतिक पृष्ठभूमि भएका साह २०५६ को आम निर्वाचनमा सिरहाका तत्कालीन क्षेत्र नम्बर ५ बाट नेपाली काँग्रेसका नेता प्रदिप गिरीलाई पराजीत गर्दै सांसद भएका थिए। सोही बेला उनी सामान्य प्रशासन मन्त्री भएका थिए। त्यसपछि उनी निरन्तर चुनावी मैदानमा रहे पनि निर्वाचित भने भएका छैनन्। गत २०७९ को निर्वाचनमा सिरहा ४ बाटै नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीको संयुक्त उम्मेदवार बनेका साह तेस्रो स्थानमा थिए। त्यसबेला उनले १४ हजार ६५३ मत प्राप्त गरेका थिए। निर्वाचित भएका वीरेन्द्र महतोले भने २४ हजार १०२ मत थियो।

पूर्वविज्ञान तथा प्रविधि मन्त्री तथा बहुजन शक्ति पार्टीका अध्यक्ष वीसेन्द्र पासवान पनि यहि क्षेत्रबाट उम्मेदवारी दिएका छन्। उनी पहिलो पटक निर्वाचनमा भाग लिंदै छन्। यसअघि सामानुपातिकबाट सांसद प्रवेश गरेका पासवान बाम राजनीतिक पृष्ठभूमिबाट राजनीतिमा आएका हुन्। लहान दलित आन्दोलनबाट चर्चामा आएका उनले पछि आफ्नै नेतृत्वमा पार्टी खोलेका छन्। पुरानै अनुहारका उम्मेदवारको बर्चश्व रहेको यस क्षेत्रबाट नेपाली काँग्रेसले चन्द्रकला देवी यादवलाई अगाडि सारेको छ। उनी पहिलोपटक निर्वाचनमा आएका हुन्। यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीबाट तपेश्वर यादव, आम जनता पार्टीवाट वीरेन्द्र साह, उज्यालो नेपाल पार्टीबाट विनय प्रविनलगायत ३७ जनाले उम्मेदवारी मनोनयन दर्ता गराएको निर्वाचन कार्यालयले बताएको छ।

# एसइई चैत १९ गतेदेखि २९ सम्म

काठमाडौं, ७ पुस। यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आगामी चैत १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने भएको छ। राष्ट्रिय परीक्षा बोर्डले बुधबार परीक्षाको तालिका सार्वजनिक गरेको हो। जस अनुसार चैत१९ गते पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुने छ। त्यस्तै चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय र २६ गते ऐच्छिक द्वितिय खण्डका सबै विषयको परीक्षा सञ्चालन हुने छ। बोर्डका परीक्षा नियन्त्रक (कक्षा १०) टुकराज अधिकारीका अनुसार चैत २७, २८ र २९ गते भने प्राविधिक धारका बाँकी विषयका परीक्षा सञ्चालन हुने छ। यसपटक फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकिएका कारण एसइई गत वर्षको भन्दा १२ दिन ढिलो हुन लागेको हो। गत वर्षको एसइई चैत ७ गतेदेखि सञ्चालन भएको थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# भ्रष्टाचार मुद्दामा डा. संगीता मिश्रासँग ५ लाख रुपैयाँ धरौटी माग

काठमाडौं, ७ भदौ। भ्रष्टाचार मुद्दामा विशेष अदालतले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी पूर्वअतिरिक्त सचिव डा. सङ्गीता मिश्रासँग ५ लाख रुपैयाँ धरौटी मागेको छ। न्यायाधीश नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले आज मिश्रसँग धरौटी मागेको हो। म्यामोग्राफी मेशिन खरिदमा अनियमितता गरेको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गएको कात्तिक २ गते स्वास्थ्य सेवा विभागकी तत्कालीन महानिर्देशक डा. कौशल मिश्रसहित १४ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो। उनीहरूले झुट्टा–बीलबीजक, गलत प्रतिवेदन र मिलेमतोका आधारमा राज्यलाई झन्डै१४ करोड ६ लाख ८५ हजार रुपैयाँ हानि पुऱ्याएको अख्तियारको आरोप छ।

मिश्रा स्वास्थ्य सचिवको आकांक्षी थिइन् भने सुशीला कार्की नेतृत्वमा अन्तरिम सरकार बनेपछि मिश्राले स्वास्थ्यमन्त्री बन्ने तयारीमा अतिरिक्त सचिव पदबाट राजीनामा दिएकी थिइन्। तर अख्तियारले भ्रष्टाचार मुद्दा अघि बढाउन लागेपछि प्रधानमन्त्री कार्कीले मिश्रालाई मन्त्री बनाउनुभएको थिएन।

# डोऱ्याइँदै गरेको मोटरसाइकलले खुलायो चोरीको रहस्य, तीन जना पक्राउ

वीरगञ्ज, ७ भदौ। पर्सा प्रहरीले चोरीको मोटरसाइकलसहित तीन जनालाई पक्राउ गरेको छ। वीरगञ्ज महानगरपालिकाको राधेमाइबाट प्रहरीले बुधबार चोरीको मोटरसाइकलसहित तीन जनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमा वीरगञ्ज महानगरपालिका वडा नम्बर– १३ का साहिल कुमार रौनिया, श्यामबाबु ठाकुर र भारत पूर्वी चम्पारण घर भई हाल वीरगञ्ज १३ मा बस्दै आएका रोशनकुमार गुप्ता रहेका छन्। प्रहरीले उनीहरूको साथबाट एउटा बीआर ०५ एक्यू ६९२४ नम्बरको भारतीय नम्बरको मोटरसाइकल र नम्बर नभएको दुई वटा मोटरसाइकल बरामद गरेको हो। पक्राउ परेकाहरूमाथि चोरी तथा डाँका सम्बन्धी कसुरमा ७ दिनको म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको पर्सा प्रहरी प्रमुख सुदिपराज पाठकले बताए।

**कसरी फेला पऱ्यो 'चोर गिरोह' ?**

घटना यही ५ गते अर्थात् सोमबारको हो। यो दिन महानरको राधेमाइस्थित सडक खण्डमा साहिल रौनियार भारतीय नम्बर प्लेटको मोटरसाइकल डोऱ्याइ लगिरहेका थिए। रौनियारले उक्त मोटरसाइकल शंकास्पदरुपमा डोऱ्याउँदै लगेपछि प्रहरीलाई शंका लाग्यो। प्रहरी प्रमुख पाठकका अनुसार त्यसपछि प्रहरीले सो भारतीय नम्बरको मोटरसाइकल जाँच गर्न थाल्यो। उनले भने, 'त्यो क्रममा उक्त मोटरसाइकलमा साँचो नरहेको, तार काटिएको र नम्बर प्लेट नभएको अवस्थामा भेटियो। शङ्कास्पद अवस्थामा मोटरसाइकल फेला परेपछि हामीले थप अनुसन्धान चलायौं।' सोही क्रममा अनुसन्धान गर्दै जाँदा बेच्नका लागि रेडि पारिएका थप दुई वटा मोटरसाइकल फेला परेको उनको भनाइ छ।

# नेपालको उम्मेदवारी विरुद्धको उजुरी

रौतहट, ७ माघ। नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधव नेपालको उम्मेदवारीविरुद्ध रौतहट निर्वाचन कार्यालयमा उजुरी परेको छ। उम्मेदवारी खारेजीको माग गर्दै बुधबार रौतहट मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उनी विरुद्ध उजुरी परेको हो। क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएका पूर्वप्रधानमन्त्री नेपालविरुद्ध सोही क्षेत्रका स्वतन्त्र उम्मेदवार रामनरेश राय यादवले उजुरी दिएको मुख्य निर्वाचन अधिकृत मनोज केसीले बताए। उनका अनुसार आज स्वतन्त्र उम्मेदवार रायले नेता नेपालको उम्मेदवारी खारेजीको माग गर्दै उजुरी दिएका थिए यद्यपि उनको उजुरी भने दरपीठ गरिएको छ।

उनले भने, 'भ्रष्टाचार मुद्दाका आरोपित रहेको भन्दै नेता नेपालको उम्मेदवारी खारेज गर्नका लागि राय उजुरी लिएर आएका थिए, तर उजुरी अनुसार नेता नेपाल अहिले दोषी प्रमाणित भइनसकेको हुँदा हामीले उक्त उजुरी लिएनौं र दरपीठ गर्यौं।' संविधानमा कुनै पनि मुद्दामा दोषी प्रमाणित नहुँदासम्म उम्मेदवारी खारेजीको प्रावधान नभएको हुँदा उक्त निवेदन दरपीठ गरिएको हो। पूर्वप्रधानमन्त्री नेपालको विशेष अदालतमा पतञ्जली जग्गा हिनामिना भ्रष्टाचार सम्बन्धी मुद्दा विचाराधीन अवस्थामा छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा.–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)